आज मिति २०७७ बैशाख ९ गते, मंगलबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

विषयहरु :-

१. कृषकहरुलाई धानको बीउ निःशुल्क वितरण सम्बन्धमा

२. उपभोक्ता समिति गठन सम्बन्धमा

३. लकडाउनको समयमा काम गर्ने स्वास्थ्यकर्मी, सरसफाई र अन्य क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिने सम्बन्धमा

४. स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता दिने सम्बन्धमा

५. विविध ।

निर्णयहरु :-

१) विगत वर्षहरुमा झैं यस वर्ष पनि यस नगरपालिकाका सबै वडाका कृषकहरुलाई प्रतिकृषक परिवार २ के.जी. ५०० ग्राम (१ पाथी) खुमल-११ ताईचिन जातको धानको बीउ मिति २०७७।१।१२ गतेदेखि निःशुल्क वितरण गर्ने निर्णय गरियो ।

२) विश्वव्यापी रुपमा फैलिरहेको नोवेल कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६।१२।११ गतेदेखि लागू गरेको देशव्यापी लकडाउनलाई ध्यानमा राखी मिति २०७७।१।९ गते यस वर्षको मातातिर्थ औंसी र देवाली पूजासम्बन्धी यस नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा र प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डेसमेतको उपस्थितिमा बसेको सरोकारवालाहरुको बैठकबाट मातातीर्थ औंसी घरबाट ननिस्की सामान्य रुपमै सम्पन्न गर्ने र देवाली पूजा परिस्थिति अनुकूल भएपछि गर्ने भनी भएको निर्णयलाई ध्यानमा राखी २०७७।१।१० र ११ गते मातातीर्थ औंसीको लागि मिठाइ र फलफूल विक्री वितरण गर्न रोक लगाउने तथा देवाली पूजाको लागि खसी/बोका विक्री वितरण गर्न रोक लगाउने निर्णय गरियो ।

३) नेपाल सरकारले लडकडाउन घोषणा गरेको अवधिमा यस नगरपालिका अन्तर्गत श्यानिटेशन, जनस्वास्थ्य, नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा हाजिर भई कार्य गर्ने यस नगरपालिकाका चिकित्सक, नर्स, प्राविधिक, सफाई तथा सुरक्षाकर्मी एवं प्रशासनिक कर्मचारीहरु, सफाई मजदुर, ड्राइभर, सहयोगीलगायतलाई भत्ता निर्धारण सम्बन्धी आवश्यक सिफारिसको लागि यस न.पा.का प्रमुख प्रशासकीय अधिकृत, प्रशासन प्रमुख र लेखा प्रमुखलाई जिम्मेवारी दिने र सिफारिस प्राप्त भएपछि आगामी बैठकबाट भत्ता दिन आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

लकडाउनको समयमा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले घोषणा गरे अनुरुप प्रति व्यक्ति भत्ता वापत रु.१५००।- प्रदान गर्ने र सो रकम सोधभर्ना माग गर्ने निर्णय गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका वडा नं. ७ माहेश्वरी स्थित छिपा ताँ निर्माण कार्यको लागि निम्न बमोजिमको उपभोक्ता समिति र अनुगमन समिति गठन गर्ने निर्णय गरियो :

उपभोक्ता समिति अध्यक्ष - श्री रामेश्वर प्रजापति

अनुगमन समिति संयोजक - श्री कृष्ण गोविन्द लाखा

ख. महालेखा नियन्त्रक कार्यालय को प.सं २०७६।७७।४.१ च.नं. २०५ मिति २०७६।१२।३० को पत्र अनुसार स्थानीय तह प्रकोप व्यवस्थापन कोष संचालन गर्नु भनी परिपत्र भए अनुसार यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल र लेखापाल श्री रामसुन्दर सुजखुको संयुक्त दस्तखतबाट खाता संचालन हुने गरी भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोष खाता खोल्ने निर्णय गरियो ।

ग. वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.४७,८४,०००।- लिई रु.४५,५२,०००।- वितरण गरी बाँकी रु.२,३२,०००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

घ. वडा नं. ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.६५,४७,२००।- लिई रु.६२,८८,८००।- वितरण गरी बांकी रु.२,५८,४००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

ङ. वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.७४,८२,४००।- लिई रु. ७२,६९,६००।- वितरण गरी बांकी रु.२,१२,८००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

च. अन्तर नगर एथ्लेटिक्स प्रतियोगिताको लागि युवा तथा खेलकुद समितिका संयोजक श्री श्याम कृष्ण खत्रीले रु. १०,००,०००। पेश्की लिई रु. ८२८७०२।- खर्च गरी बांकी रकम  दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

छ. नपाको मिति २०७६।१२।०७ गतेको बोर्ड बैठकमा बिहानको नास्ता वापत रु.६७८०।- र मिति २०७६।१२।०७ गतेको नगरसभा समापन कार्यक्रममा सहभागी सम्पूर्ण जनप्रतिनिधिहरुलाई खानाको व्यवस्था गरेवापत रु. ४२,७७०।५० गरी कुल रु. ४९५५०।५० सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. नपामा विभिन्न समयमा खाजा वापत रु. ३९४०।- भर्छें खाजा घरलाई भुक्तानी दिइएको अनुमोदन गर्ने निर्णय गरियो ।

झ. २०७७ सालको भित्तेपात्रोमा नपाको विज्ञापन र सूचना प्रवाह गरे वापत रु.१२,०००।- नेपाल नगरपालिका कर्मचारी एशोसियनलाई भुक्तानी दिने निर्णय गरियो ।